# बुटवल उप महानगरपालिका कार्यालय
## बुटवल, रुपन्देही
## *सिलबन्दी बोलपत्र आह्वानको सूचना*
**प्रकाशित मिति २०७३/०७/०१**

बुटवल उपमहानगरपालिका र नगर विकास कोषको ऋण तथा अनुदान सहयोग (K2G-092-C/K2SL-048-S/K2L-049-R) बाट **विद्यालय तथा स्थानीय उत्पादन बिक्रि केन्द्र भवन** 'B' Block निर्माण कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र पुस्तिका मिति २०७३/०७/३० गते सम्म कार्यालय समयभित्र निर्माण व्यवसायी वा कम्पनी सञ्चालकको नागरिकताको प्रतिलिपि, चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र तथा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न राखी निवेदनसाथ तोकिए बमोजिमको बोलपत्र दस्तुर वापत (पछि फिर्ता नहुने गरी) नगदै बुझाई बुटवल उपमहानगरपालिका कार्यालय योजना शाखाबाट निर्माण व्यवसायी आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले खरीद गर्न सक्नेछ । विधुतीय (Electronically) बोलपत्र खरीद गर्न ईच्छुक बोलपत्रदाताले तोकिए बमोजिमको बोलपत्र दस्तुर (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको **कार्यालय कोड ३७-३६५-०३** आन्तरिक श्रोत खाता नं. ३१२०३०४०००४३ मा जम्मा गरी वा अन्य बैक वा वित्तिय संस्थाबाट उक्त खातामा जम्मा हुने Tele Transfer गरि PPMOको Website http/www.bolpatra.gov.np बाट Download गरी प्राप्त गर्न सकिनेछ ।

२. खरीद भएका बोलपत्रहरु सिलबन्दी गरी २०७३/०८/०१ गते दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी ठेक्का नं. कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग खुलाई फर्मको छांप लगाई सिलबन्दी लाहा छांप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । E-bidding मार्फत पेश गर्ने निर्माण व्यवसायीहरुले PPMO को Website http/www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने बोलपत्रदाताले बोलपत्र खोलेको मितिले ७ दिन भित्र सक्कल कागजातहरु पेश गर्नुपर्नेछ ।

३. म्याद र समयभित्र दर्ता भएका बोलपत्रहरु (E-Submitted समेत) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको ०२.०० बजे बु.उ.म.न.पा. कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र दाखिला वा खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ ।

४. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको बोलपत्रलाई मान्यता दिइने छैन ।

५. बोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिमको रकम वुटवल उप महानगरपालिका कार्यालय, बुटवलको रा.वा.वैंक बुटवल शाखाको **कार्यालय कोड ३७-३६५-०३ धरौटी खाता नं. ३१२०३०३००००३** मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैकबाट बुटवल उपमहानगरपालिका कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको विड वण्ड (धितो जमानी पत्र) पेश गर्नुपर्नेछ ।

६. बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत र छांप भएको हुनु पर्नेछ ।

७. निर्माण व्यवसायीहरुले एकल वा संयुक्त (जे.भी.) रुपमा (बढीमा ३ वटा व्यवसायीहरु बिच) पनि विड गर्न सकिनेछ ।

८. ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०७३/०७/१९ गते दिउसो १:०० बजे यस कार्यालयमा प्रि विड मिटिङ्ग आयोजना गरिनेछ ।

९. बोलपत्र दर्ता गर्नु अगावै सम्वन्धित व्यवसायीहरुबाट साईट निरीक्षण गरी आवश्यक जानकारी लिन सकिनेछ ।

१०. पुर्व योग्यता सम्बन्धी जानकारी बोलपत्र फाराममा समावेश गरिएको छ ।

११. शर्त राखी आएको सिलबन्दी बोलपत्र स्वीकृत हुने छैन ।

१२. सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली २०६४ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनूसार तथा अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रमा कुनै कारवाही हुनछैन ।

१३. कुनै कारण जनाइ वा नजनाई बोलपत्र पुरा/आंशकि स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बुटवल उपमहानगरपालिकामा सुरक्षित रहने छ ।

१४. बोलपत्र सम्वन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको योजना तथा प्राविधिक महाशाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१५. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | कार्यस्थल | धरौटी रकम रु | बोलपत्र दस्तुर रकम रु |
|---|---|---|---|---|---|
| १. | ०१/०७३/०७४ | विद्यालय तथा स्थानीय उत्पादन बिक्रि केन्द्र भवन निर्माण 'B' Block | बु.उ म.न.पा. वडा नं. ४ उजिरसिंह मा.वि. हाताभित्र | ७,००,०००.०० | ३०००.०० |

खरिद ईकाई
बुटवल उपमहानगरपालिका कार्यालय
बुटवल